प्यूठान नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बिजुवार, प्यूठान
५ नं. प्रदेश नेपाल

# प्यूठान नगरपालिकाको
# चौथो नगर सभामा नगर उप प्रमुख शान्ता आचार्य ज्यूले पेश गर्नु भएको
# न्यायिक समितिको प्रगति प्रतिवेदन

प्यूठान नगरपालिका

बिजुवार, प्यूठान

५ नं. प्रदेश, नेपाल

२०७५ माघ २५ गते

प्यूठान नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बिजुवार, प्यूठान
५ नं. प्रदेश नेपाल

# प्यूठान नगरपालिकाको न्यायिक समितिको प्रगति प्रतिवेदन

नगर सभाका  अध्यक्षज्यू,

प्यूठान नगरपालिकाको न्यायिक समितिको तर्फबाट न्यायिक समितिको गठन पश्चात गरिएका कार्यहरुको प्रतिवेदन निम्नानुसार पेश गरेकी छु ।

**संवैधानिक र कानूनी व्यवस्था :**
नेपालको संविधानको धारा २१७ मा न्यायिक समिति सम्बन्धी निम्नानुसार व्यवस्था रहेको छ ।
१) कानून बमोजिम आफ्नो अधिकार क्षेत्र भित्रका विवाद निरुपण गर्न नगरपालिकाको उप प्रमुखको संयोजकत्वमा तिन सदस्यीय एक न्यायिक समिति रहने छ ।
२) न्यायिक समितिमा नगर सभाबाट आफूमध्येबाट निर्वाचित गरेका २ जना सदस्यहरु रहनेछन् ।
स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ४७ मा न्यायिक समिति सम्बन्धमा निम्नानुसार व्यवस्था रहेको छ ।

**न्यायिक समितिलाई देहायका विवादहरुको निरुपण गर्ने अधिकार हुनेछ ।**

क) आलीधुर, बाँध पैनी, कुलो वा पानीघाटको बाँडफाँट तथा उपयोग,
ख) अर्काको बाली नोक्सानी गरेको,
ग) चरन, घाँस, दाउरा
घ) ज्याला मजुरी नदिएको,
ङ) घरपालुवा पशुपक्षी पालन पोषण तथा हेरचाह नगरेको,
च) जेष्ठ नागरिकको पालनपोषण तथा हेरचाह नगरेको,
छ) नाबालक छोरा छोरी वा पति -पत्नीलाई इज्जत आमद अनुसार खान लाउन वा शिक्षा दीक्षा नदिएको,
ज) वार्षिक पच्चीस लाख रुपैयाँसम्मको बिगो भएका घर बहाल र घर बहाल सुविधा,
अन्य व्यक्तिको घर, जग्गा वा सम्पतिलाई असर पर्ने गरी रुख बिरुवा लगाएको,
झ) अन्य व्यक्तिको घर, जग्गा वा सम्पतिलाई असर पर्ने गरी रुख बिरुवा लगाएको,
ञ) आफ्नो घर वा बलेसीबाट अर्काको घर, जग्गा वा सार्वजनिक बाटोमा पानी झरेको,
ट) सँधियारको जग्गा तर्फ झ्याल राखी घर बनाउनु पर्दा कानून बमोजिम छोड्नु पर्ने परिणामको जग्गा नछोडी बनाएको,
ठ) कसैको हक वा स्वामित्वमा भए पनि परापूर्व देखि सार्वजनिक रुपमा प्रयोग हुँदै आएको बाटो, वस्तुभाउ निकाल्ने निकास, वस्तुभाउ चराउने चौर, कुलो, नहर, पोखरी, पाटी पौवा, अन्त्यष्टी स्थल, धार्मिक स्थल वा बाधा पुऱ्याएको,
ड) संघीय वा प्रदेश कानूनले स्थानीय तहबाट निरुपण हुने भनी तोकेका अन्य विवाद ।

प्यूठान नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बिजुवार, प्यूठान
५ नं. प्रदेश नेपाल

**न्यायिक समितिलाई देहायका विवादहरुमा मेलमिलापको माध्यमबाट मात्र विवादको निरुपण गर्ने अधिकार हुनेछ :**

क) सरकारी, सार्वजनिक वा सामुदायिक बाहेक एकाको हकको जग्गा अर्कोले चापी, मिची वा घुसाई खाएको,
ख) सरकारी, सार्वजनिक वा सामुदायिक बाहेक आफ्नो हक नपुग्ने अरुको जग्गामा घर वा कुनै संरचना बनाएको,
ग) पति - पत्नीबीचको सम्बन्ध विच्छेद,
घ) अङ्गभङ्ग बाहेकको बढीमा एक वर्षसम्म कैद हुन सक्ने कुटपिट,
ङ) गाली बेइज्जती
च) लुटपिट
छ) पशुपक्षी छाडा छाडेको वा पशुपक्षी राख्दा वा पाल्दा लापरबाही गरी अरुलाई असर पारेको,
ज) अरुको आवासमा अनधिकृत प्रवेश गरेको,
झ) अर्काको हक भोगमा रहेको जग्गा आबाद वा भोग चलन गरेको,
ञ) ध्वनि प्रदुषण गरी वा फोहोरमैला फ्याकी छिमेकीलाई असर पुऱ्याएको,
ट) प्रचलित कानून बमोजिम मेलमिलाप हुन सक्ने व्यक्ति बादी भई दायर हुने अन्य देवानी र एक वर्षसम्म कैद हुन सक्ने फौजदारी विवाद ।

संवैधानिक र कानूनी व्यवस्था अनुसार प्यूठान नगरपालिकामा देहाय बमोजिमको न्यायिक समिति गठन भएको छ :

संयोजक : शान्ता आचार्य
सदस्य : लिलाप सिंह के.सी.
सदस्य : भगवती खड्का

नगर सभाका अध्यक्षज्यू,

प्यूठान नगरपालिका क्षेत्र भित्र हुने विभिन्न विवादहरु न्यायिक समितिमा आउने गरेका छन् । न्यायिक समितिमा उजुरी प्राप्त भए पछि दर्ता गरी विवादका पक्ष विपक्षलाई झिकाई छलफल गराई मेलमिलाप गराउने काम गरिएको छ । हालसम्म न्यायिक समितिमा १४ वटा उजुरी प्राप्त भएकोमा १३ वटाको मेलमिलापको माध्यमबाट समाधान गरिएको छ भने एउटा उजुरी जिल्ला अदालत पठाइएको छ । न्यायिक समितिमा परेका उजुरी सम्बन्धी विस्तृत विवरण निम्नानुसार छ ।

२०७४/०७५ मा तार जडान गर्न अवरोध, सिंचाई कुलो विवाद ,तार लाईन विस्तार र अवरोध , कुलो विवाद सम्पत्ति नोक्सानी ,जीवन सुरक्षा गरी पाँऊ अंश वंण्डा , जग्गा हक भोग र जग्गा रोक्का जस्ता

प्यूठान नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बिजुवार, प्यूठान
५ नं. प्रदेश नेपाल

विवादहरु न्यायिक समितिमा आउने गरेका छन् निरुपण गर्न मिल्ने खालका र फौजदारी अभियोग अर्न्तगतका विवादहरु पनि छलफल र मेलमिलापको माध्यमवाट निष्कर्षमा पुगेका छन् ।

२०७५/०७६ मा सुरक्षित रुपले वसोवास गर्न पाऊँ , जग्गा कब्जा ,अंश वंण्डा , रुख कटान गरी पाऊँ र गाली वेइज्जती जस्ता विवाद न्यायिक समितिमा दर्ता भई मेलमिलापबाट टुङ्गो लगाईएको छ भने विद्युत लाईन विस्तारमा अवरोध भएको विवादलाई विद्युत प्राधिकरणको कार्यालयमा सिफारिस गरिएको छ भने एउटा अंशवंण्डा सम्वन्धी विवाद जिल्ला अदालतमा पठाइएको छ । अन्य सवै विवाद मेलमिलापवाट टुङ्गो लगाइएको छ ।

जनताको सरोकारको विषयमा वडा अध्यक्षहरु, वडा सदस्यहरु र कार्यपालिका सदस्यहरुले विवादस्थलमा नै गई धेरै विवादहरु समाधान गरेको स्थिति छ । त्यसकारण न्यायिक समितिमा विवादकै रुपमा दर्ता भएका छैनन् । न्यायिक समितिका सदस्यहरु समेत त्यो सेवामा अनवरत रुपमा लागेको कुरा यो गरिमामय सभामा जानकारी गराउन चाहान्छु । यो सहयोगको निम्ति सवैलाई हार्दिक धन्यवाद दिन चाहान्छु साथै कार्यालयको काम काज सन्दर्भमा सहयोग गर्ने सवै कर्मचारीहरुलाई समेत धन्यवाद दिन चाहन्छु ।